समाज कल्याण परिषद्को च.नं. ३०६३।०६६।१०।१८ को पत्र स्वीकृत प्राप्त समाजविकास बुलेटिनमा प्रकाशित ।



# संस्था दर्ता नमूना विधान

## ..........................को विधान

२०६६

**प्रस्तावनाः**

नेपाल एशिया महाद्विपको विकासोन्मूख हिमाली राज्य हो । नेपाल सरकार यस मुलूकका अझै गरीवीको रेखामुनी रहेका आफ्ना नागरिकहरुको जीवनस्तर उकास्नको लागि प्रयासरत रहेको छ । नेपालको सामाजिक संरचना, गरिवी, छुवाछुत, जातिय भिन्नता र असमानता को चपेटामा निर्दोष बालबालिकाहरु परिरहेको आवस्था रहेको छ । बालबालिकाहरु भविस्यको नेपाल बनाउने मुहान हुन । गरीवीको चपेटाबाट बालबालिकाहरुको भविस्य उज्वल हुन सम्भव छैन । अत : नेपाल अधिराज्यका आर्थिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक क्षेत्रबाट अत्यन्त पछाडी परेका बालबालिकाहरुलाई गाँस, बास, र कपासको उचित व्यवस्थागरी विद्यालय शिक्षा उपलब्ध गराउनको अलावा ब्यावसायिक शिक्षा र सीपमूलक तालिम समेत दिई आत्मनिर्भर बनाउन, विभिन्न परिस्थितिबस अनाथ भएर समाजबाट अलग भई जीवन यापन गरिरहेका, सडक बालबालिकाको रुपमा अलपत्र भै मागेर हिडी रहेका बालबालिकाहरुलाई सुधार गृहमा स्थापित गरी शिक्षा, स्वास्थ्य लगाएत न्यूनतम आधारभूत आवस्यकताहरुलाई परिपूर्ति गरी उनीहरुको सुनिश्चित भविस्यको निर्माण गर्न वाँन्छनिय देखिएकोले, द्वन्द, गरिवी, छुवाछुत, जातिय भिन्नता र असमानता जस्ता कारणले दिन प्रतिदिन बालबालिकाहरु प्रत्यक्ष्यरुपम प्रभावित भएर अनाथ, असहाय, टूहुरा भई बाँचि रहेका छन । यस प्रकारका बालबालिकाहरुको लागि राज्यले उपलब्ध गराउने सेवा, सुविधा र प्रयासले मात्र पर्याप्त नभएको अवस्था रहेको छ । अत : उपरोक्त बालबालिकाहरुलाई राज्यको मुल प्रवाहमा ल्याउने नेपाल सरकारको नीति रहेको सन्दर्भमा प्रस्तुत नीतिलाई समेत सहयोग पुऱ्याउने हेतुले .............................., **काठमाण्डौ** नामक मुनाफा रहित गैरसरकारी सामाजिक संस्थाको स्थापनाको लागि यो विधानको तर्जुमा गरिएको छ ।

परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

संस्थाको नाम ............................" **काठमाण्डौ** रहने छ र अंग्रेजीमा ...............................रहने छ । छोटकरिमा यसलाइ **"**..............**"** भनिने छ ।

**क) संस्थाको कार्यालय रहने ठेगाना**

यस संथाको केन्द्रीय कार्यालय .............................. मा काठमाण्डौ मा रहने छ ।

**ख) संस्थाको कार्यक्षेत्र**

यस संस्थाको कार्यक्षेत्र ............................................ मा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्यभित्र कार्य क्षेत्र विस्तार गरिने छ ।

**ग) प्रारम्भ :-**

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**घ) संस्थाको अस्तित्व :-**

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ । संस्थावाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "संस्था" भन्नाले "..................................., काठमाण्डौ भन्ने सम्झनु पर्दछ ।
(ख) "कार्य समीति" भन्नाले यस विधान बमोजिम गठित संस्थाको कार्य समीतिलाई सम्झनु पर्दछ ।
(ग) "विधान" भन्नाले ................................, काठमाण्डौ" को विधान २०६४ लाई सम्झनु पर्दछ ।
(घ) "कोष" भन्नाले "..........................................., काठमाण्डौ" को कोषलाई बुझनु पर्दछ ।
(ङ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई संझनु पर्दछ ।

**३. संस्थाको चिन्ह र छापः**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थाको एउटा छुटै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाका नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरीने छ ।

परिच्छेद - २

**४. उद्देश्यहरुः**

नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही कार्य गर्न यस संस्थाको उद्देश्य देहाय बमोजिमको हुनेछ र यो संस्था मुनाफा रहित,गैरसरकारी र जनहितकारी सामाजिक संस्था हुनेछ ।

(क) नेपाल अधिराज्यको आर्थिक, सामाजिक, साँस्कृतिक एव शैक्षिक क्षेत्रबाट अत्यन्त पछाडि परेका बालबालिकाहरुको पक्षमा बकालत गर्ने ।
(ख) अनाथ, असहाय, अपाङ्ग, विस्थापीत र असक्तबालबालिकाहरुलाई सम्मानपूर्वक जीवन यापन गर्न सक्ने तुल्याउन आवश्यक सहयोग उपलब्ध गराउने ।
(ग) अनाथ, असहाय, अपाङ्ग, विस्थापीत र असक्तबालबालिकाहरुलाई उचित व्यवस्थापन गरी विद्यालय शिक्षा उपलब्ध गराउने ।
(घ) असहाय बालबालिकाहरुलाई गाँस, बास र कपासको व्यवस्था गर्ने र औपचारिक शिक्षाको अलाबा व्यावसायिक शिक्षा र सीपमूलक तालिम उपलाब्ध गराई आत्मनिर्भर बनाउने ।
(ङ) बाल अधिकारका मूल्य र मान्यताहरुमा आधारित रही बालबालिकाहरु माथि भई रहेका सबै प्रकारका अन्याय र उत्पीडनहरु समाप्त गराउन प्रयत्नशिल रहने तथा बाल अधिकारका संरक्षण र संबर्द्धन गर्ने ।
(च) बाल अधिकारका पक्षमा जन जागरण ल्याउने तथा तिनका मार्ग दर्शक सिद्धान्तहरुलाई व्यवहारमा उतार्न कार्यमुखी योजना बनाउने ।
(छ) अध्ययन, अनुषन्धान तथा सर्वेक्षणको माध्यमबाट जोखिममा परेका बालबालिकाहरुको समस्या पत्ता लगाई तिनीहरुको समस्या पत्ता लगाउने ।
(ज) अलपत्र, बेसहारा तथा घरबार विहिन भएका बालबालिकाहरुको पुनः स्थापना तथा बालविकासको लागि सान्दर्भिक तथा अर्थपूर्ण सूचिहरु तयार गर्नु ।
(झ) बालबालिका र बाताबरण बीचको अन्तर सम्बन्ध र यसका प्रभावहरुको अध्ययन अनुषन्धान गरी प्राप्त जानकारीलाई सार्वजनिक गराउने तथा तत्सम्बन्धि योजनाहरु लागु गराउने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:**

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिजमा लिने र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधान खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद – ३

## सदस्यता

**६. सदस्यताको बर्गीकरण**

यस संस्थामा ४ प्रकारका देहाय बमोजिम सदस्यहरु रहने छ ।

**क) साधरण सदस्य**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकेको प्रकृया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**(ख) संस्थापक सदस्यहरु:**

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु यस संस्थाका संस्थापक सदस्य रहनेछन्

**(ग) आजीवन** :

संस्थाको विकासको लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ ।

**(घ) मानार्थ सदस्य** :

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता**

**यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको पुगेको हुनु पर्नेछ ।**

(क) नेपाली नागरिक भएको हुनुपर्ने ।
(ख) १६ बर्ष उमेर पुरा गरेका हुनुपर्ने ।
(ग) मानसिक सन्तुलन नगुमाएको हुनुपर्ने ।
(घ) सार्वजनिक सम्पत्ति हिनाविना गरेको नठहरेको हुनुपर्ने ।
(ङ) नैतिक पतन देखिन फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको हुनुपर्ने ।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था** :

**देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।**

(क) गैर नेपाली नागरिक,
(ख) १६ बर्ष उमेर पुरा नपुगेको,
(ग) मजग विग्रेको वा बौलाएको,
(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको,
(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको,
(च) सम्वन्धि संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको,
(छ) साहूको दामासाहीमा परेको,
(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरेको वा आफ्नो जिम्मको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदातलबाट कसुरदान ठहरी सजाय पाई सजाय पाएको एक बर्ष भित्र,

**९. सदस्यताको समाप्ति** :

१. **देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको वहाल रहने छैन ।**

(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा,
(ख) साधारण सभाको २/३ को सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रास्ताव पारित गरेमा,
(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,
(घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,
(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा,
(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा,
(छ) संस्था विघटन भै खारेज भएमा,

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइने छ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि:**

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्नसक्नेछन् ।

१. **साधारण सदस्य:**

(क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु......।- र बार्षिक शुल्क बापत रु......।- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समीतिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।
(ख) त्यस्ता साधारण सदस्यले बार्षिक नविकरण शुल्क रु. .....।- बुझाउनु पर्नेछ ।
(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष बैशाख महिनाको मसान्त भित्र नविकरण गराइ सक्नु पर्नेछ र त्यसपछि हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ ।

संस्थापक सदस्यः
(क) यो संस्था दर्ता हुंदाको बखतका तदर्थ समीतिका पदाधिकारीहरु संस्थापक सदस्य हनेछन्।
(ख) संस्थापक सदस्यहरुले शुरुमा संस्था दर्ता गर्दाको बखत संस्था दर्ता भएको मितिले २ महिना भित्र एकमुष्ठ रकम रु.२००।- बुझाउनु पर्नेछ।

३. **आजीवन सदस्य :**
सस्थामा एकमुष्ट रु.१०००- वुझाई तोकिएको प्रक्रिया अन्तरगत आवेदन दिने ब्यक्तिहरुलाई कार्य समीतिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ।

४. **मानार्थ सदस्यः**
साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित स्वादेशी वा विदेशी नागरिकहरु लाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ तर मानार्थ सदस्यको मताधिकार रहने छैन।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहित को जानकारी आवेदक लाई दिइने छ।
६. सवै सदस्यहरुले यस बिधान र विधान अन्तरगत बनेका नियम र विनियम वमोजीम भएको व्यवस्थाको पालना गर्नु पर्ने छ
७. संस्थाले प्रदान गरेको उपदफा १,२,३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढांचामा छुटै अभिलेख पुस्तिका रहने छ।

## परिच्छेद - ४
## साधारण सभा तथा कार्यसमीति

### ११. साधारण सभाको गठन

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुने छ। मानार्थ सदस्यहरु आमन्त्रित हुने छन्। साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ।
२. **यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ।**
   **क) बार्षिक साधारण सभा** : वर्षको एक पटक बार्षिक साधारण सभा बस्ने छ।
   **ख) विशेष साधारण सभा** : संस्थाकोकूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमीतिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ। तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन।
३. यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपसछिको बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ।
४. यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ।
५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिन पुनः साधारण सभा बोलाइने छ।
६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ।

### १२. साधारण सभाको काम, कर्तव्य र अधिकारः

(क) कार्य समीतिले पेश गरेको योजना कार्यक्रमहरु वा बार्षिक बजेट पारित गर्ने,
ख) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण-प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमति गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समीतिलाई निर्देशन दिने,
(ग) आगामि बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने,
(घ) संस्थाको बार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमीतिलाई आवश्यक निर्देशन दिने,
(ङ) संस्थाको कार्य समीतिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समीतिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने,
(च) कार्य समीतिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने,
(छ) मानार्थ सदस्यता प्रदान गर्ने,
(ज) कार्य समीतिबाट संस्थाको हित अनुकुल भएका काम-कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने,
(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमीतिले पेश गरेको कर्मचारीहरुको दरबन्दी पारिश्रमिक भत्ता तथा अन्य सुविधानहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने,

### १३. कार्य समीतिको गठनः

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु ७ सदस्यको एक कार्य समीति गठन गरिनेछ।

| | |
|---|---|
| १. अध्यक्ष | १ जना |
| २. उपाध्यक्ष | १ जना |
| ३. सचिव | १ जना |
| ४. सह-सचिव | १ जना |
| ५. कोषाध्यक्ष | १ जना |
| ६. सदस्यहरु | ४ जना |
| जम्मा | ९ जना |

२. कार्य समीतिको कार्यकाल २ बर्षको रहनेछ।
३. बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समीतिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समीतिका सदस्यको मनोनित कार्य समीतिद्वारा गर्न सकिनेछ। यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मको लागि मात्र हुने छ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ।

४. कार्य समीतिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ। तर कार्यसमीतिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमीतिको बैठक तुरुन्त बोलाउनु पर्नेछ।
५. कार्य समीतिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नै नभई कार्य समीतिको बैठक बस्ने छैन।
६. कार्य समीतिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएमा अन्य बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।
७. कार्य समीतिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ।
८. कार्य समीतिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्ने छ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्ने छ।
९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समीतिको निर्णयबाट हुनेछ।
१०. माथिका दफाहरु जनसुकै कुरा लेखिएको भएता पनि कार्य समीतिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समीतिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनि छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्य समीतिको बैठकको निर्णय सरह मानिने छ।

**१४. कार्य समीतिको काम, कर्तव्य र अधिकार:**

१. संस्थाको आगामी बर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने,
२. विधान बमोजिमको व्यवस्था कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने,
३. संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने,
४. साधारण सभा प्रति उत्तरदायी रहने,
५. संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,
६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने,
७. संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने,
८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदी सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने।
९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपुक्त व्यक्तिहरुको सल्लाहकार समीतिका अन्य समीति, उपसमीति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने।
१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

**१५. पद त्याग गर्न सक्ने:**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमीति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन्।

**१६. अन्य समीतिहरु:**

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समीतिले आवश्यकता अनुसार अन्य समीति वा उप समीतिहरु गठन गर्न सक्ने छ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्ने छ।
२. उप समीतिहरुको कार्यहरु समीतिले तोकी दिए बमोजिम हुनेछ।

परिच्छेद - ५

पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१७. कार्य समीतिका पदाधिकारीहरुको काम, कार्तव्य र अधिकार :**

१. **अध्यक्षको**

यस संस्थाको अध्यक्षको काम, कर्तव्य अधिकार देहाय बमोजिम रहने छ,

(क) साधारण सभाको अधिवेशन र कार्य समीतिको अक्ष्यक्षता गर्ने र कार्य समीति र साधारण सभामा मत विभाजन भई मत बरावर भएमा निर्णायक मत दिने,
(ख) संस्थाको सर्वोच्च अधिकारीको रुपमा रही पदाधिकारीहरुको काम बांडफाड गर्ने र संस्थाको आवश्यक विकासको लागि संस्थाको दैनिक कार्य संचालन गर्ने,
(ग) कार्य समीतिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो कार्य गरी निकट बैठकमा सो को अनुमोदनको लागि पेश गर्ने,
(घ) आवश्यकता अनुसार अन्य संस्था, निकाय वा अन्तर्राष्ट्रिय संघ संस्थामा संस्थाको प्रतिनिधित्व गराउने,
(ङ) अभिलेख प्रमाणि गर्ने,

२. **उपाध्यक्ष :**

(क) अध्यक्षलाई सयोग गर्ने,
(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने,
(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने जिम्मा लिने,

३. **सचिवको :**

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने,
(ख) अध्यक्षको निर्देशन अनुसार कार्य समीतिमा साधारण सभाको बैठक बोलाउने र सो बैठकको लागि छलफलका विषयहरुको सूची तयार गर्ने,
(ग) अभिलेख सुरक्षित राख्ने,
(घ) साधारण सभाको अधिवेशन कार्य नीतिको बैठकमा भएका निर्णयहरु कार्यान्वयन गराउने,
(ङ) संस्थाको कार्यालय शाखा कार्यालय आदिको प्रशासकीय कुरामा रेखदेख, नियन्त्रण तथा निर्देशन गर्ने,
(च) कर्मचारीहरुलाई नियुक्त गर्नु पर्ने भएमा सो प्रस्ताव कार्य समीतिमा पेश गर्ने,
(छ) कार्य समीति र अन्य समीतिहरु बीच समन्वय कायम गर्ने र संस्थाको सम्पूर्ण प्रशासनिक कार्यहरु गर्ने,

४. **कोषाध्यक्ष :**

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

(ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने,
(ग) लेखा दुरुस्त राख्ने,
(घ) नियमितरुपमा बार्षिक लेखापरीक्षण गराउने,
(ङ) संस्थाको आय व्ययको हिसाव दुरुस्थ राख्ने र आय व्ययको अनुमान तथा लेखा परीक्षकको प्रतिवेदन कार्य समीति तथा साधारण सभामा पेश गर्ने,
(च) आर्थिक कारोवार सम्वन्धी मामलामा रेखदेख तथा नियन्त्रण गर्ने तथा त्यस सम्बन्धि आवश्यक निर्देशन दिने,
(छ) संस्थाको चल अचल सम्पतिको जिम्मा लिने रेखदेख गर्ने र प्रवर्द्धन गर्न योजना वनाउने,
(ज) संस्थाको आम्दानी वृद्धीको लागी सक्रिय रहने,
(झ) नियामावली र विधानमा व्यवस्था भए, अनुसार अन्य कामहरु गर्ने,

५. **सदस्य** :

**संस्थाको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) समीतिको बैठकमा सक्रिय सहभागिता जनाउने,
(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने,
(ग) संचालक समीतिले खटाएको कुनै पनि काम गर्ने,

**१८. गणपूरक संख्या :**

(क) कूल सदस्य संख्याको ६०% (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन,
(ख) तर ~~विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम,~~ पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन,
(ग) दोस्रो पटक गणपुरक संख्या नपुगी तेस्रो पटक बोलाईको साधारण सभामा उपस्थित संख्या नै गणपुरक मानिनेछ,

परिच्छेद - ६

आर्थिक व्यवस्था

१९. १. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् ।
(क) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन्,
(ख) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम,
(ग) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम,
(घ) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको विक्रीवाट प्राप्त रकम,
(ङ) नेपाल सरकार बाट हुने आर्थिक सहयोग दान उपहार आदि,
(च) विदेशी संस्था व्यक्ति वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम,
(छ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम,

२. विदेशी सहयोग लिदा ~~नेपाल सरकारको~~ पूर्व स्वीकृत्ति लिईने छ ।

**२०. खाता संचालन :**

संस्थाको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरीने छ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका:**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरीने छ ।
(क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।
(ख) साधारण सभाबाट ...रेत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।
(ग) कोषबाट खर्च भएको रकमको आीर्थक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

**२२. संस्थाको लेखा र लेखा परीक्षण :**

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ,
२. संसथाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुेन छ ।
३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै ... मा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।
४. लेखा परीक्षणको नियुक्ति साधारण सभाबाट ... तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समीतिबाट हुनेछ ।
५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिने छ ।

परिच्छेद - ७

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३ निर्वाचन सम्वन्धी व्यवस्था:**

(क) यस संस्थाको कार्य संस्थाको कार्य समीतिको निर्वाचन गर्नका लागि कार्य समीतिले ३ जना निर्वाचन अधिकृत नियुक्त गर्नेछ निर्वाचन सम्वन्धी नियमहरु प्रचलित निर्वाचन ऐन तथा नियम बमोजिम नै हुनेछ ।
(ख) निर्वाचन सम्वन्धी आवश्यक नियमहरु निर्वाचन समीतिले नै तयार गर्नेछ ।
(ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तिमा १/४ एक चौथाई सदस्यहरुको सहमती आएमा निर्वाचन अधिकृतले नयाँ कार्य समीतिको घोषणा गर्नेछ ।

**२४. उम्मेदवार हुन [redacted]योग्यता:**

(क) सामान्य लेखा पढ गर्न [redacted]सक्ने

(ख) २४ पुरा [redacted]पुगेको

(ग) [redacted] नेपाली नागरीक

(घ) दामासाही[redacted]परेको

**२५. अविश्वासको प्रस्ताव:**

१. अविश्वसको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नुपर्नेछ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ।

(ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ एक चौथाई सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाईविधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ।

३. कुनै सदस्य वा पदाधिकारी उपर अविश्वास प्रस्ताव पेश भएमा त्यस्तो प्रस्ताव साधारण सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतवाट पारित हुनु पर्नेछ। तर सफाईको मौकावाट भने वञ्चित गरिनेछैन।

४. **अविश्वाससको प्रस्ताव माथि छलफलको प्रक्रिया:**

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ।

(ख) उप दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहेमा बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

(ग) उप दफा (१० बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ।

५. **अविश्वासको प्रस्ताव माथि निर्णय:**

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाइ अविश्वाशको प्रस्तावको निर्णयको घोषण गर्नेछ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वाशको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर।

**२६. विधान संशोधन सम्वन्धी व्यवस्था:**

(क) यस विधानलाई संशोधन गर्ने अधिकार साधारण सभालाई हुने छ।

(ख) विधान संशोधन सम्वन्धी प्रस्ताव कार्य समतिले आफनो सिफारिश सहित साधारण सभामा पेश गर्नु पर्ने छ।

(ग) यस संस्थाको विधान शंसोधन गर्न सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरि स्थानिय अधिकारीको स्वीकृति लिई लागू गरिने छ। र सो को जानकारी समाज कल्याण परिषद्लाई दिइने।

**२७. नियम बनाउने:**

क) यस संस्थाको दैनिक कार्यमा सरलता प्रदान गर्न नियमहरु बनाउनु पर्ने भएमा कार्य समीतिले विधानको परिधि भित्र रही नियम बनाउने सक्नेछ। सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई जानकारी दिनु पर्नेछ।

ख) यो विधान र विधान अन्तर्गत वनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनको लागि कार्य समीतिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी नियम वनाई लागू गर्न सक्नेछ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

**२८. कर्मचारीको व्यवस्था:**

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुर्याउने सेवा, कामको औचित्य, सुविधा र तीनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला कार्य समीति र समाज कल्याण परिषदमा समेत जानकारी गराइनेछ।

**२९. अधिकार प्रत्यायोजन सम्वन्धी व्यवस्था:**

यस संस्थाको कुनै पनि पदाधिकारीहरुको अधिकार अर्को सदस्य वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिने छ।

**३०. व्याख्याको अधिकार:**

यस विनियमको व्याख्याको अधिकार र संस्थाको साधारण सभालाई हुने छ।

**३१. संस्थाको विघटन :**

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसके वा अन्य कुनै कारण यस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकामा जाने छ। कुनै कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारमा जानेछ वा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**३२. बचाउ :**

(क) यस विधानमा जेसुकै कुरा लेखिएको भएतापनि प्रचलित नेपालको कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वत: निष्कृय भएको मानिनेछ।

(ख) यस विधानमा नपरेकै कारणवाट कुनै कार्यमा बाधा परेमा कार्य समीतिले नियम बनाई कार्य गर्न सक्नेछ।

(ग) संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हकअधिकार मा असर पार्ने छैन र कानून विपरित कार्य गर्ने छैन।